फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम — कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/८२ — मिति : २०८१-०७-२९

चलानी नं. : — ने.सं - ११४५ कछलाथ्व, १३ बिहिवार

विषयः मिलेनियम टेक्निकल इन्स्टिच्युट, धनकुटामा ५०% छात्रवृत्ति सहितको अध्ययनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा फेदाप गाउँपालिका र मिलेनियम टेक्निकल इन्स्टिच्युट, धनकुटा बीच भएको सम्झौता अनुसार ~~आगामी~~ यस शैक्षिक सत्रमा मेडिकल ल्याव टेक्निसियन सम्बन्धी ५०% छात्रवृत्ति सहितको अध्ययनको कार्यक्रम रहेको हुँदा निम्नअनुसारको योग्यता पुगेका फेदाप गा.पा.मा स्थायी बसोवास भएका व्यक्तिले निम्नअनुसारको कागजातसहित मिति २०८१/०८/०५ गते भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. अध्ययन कार्यक्रम र कोटाः
   - मेडिकल ल्याव टेक्निसियन डिप्लोमा तह (३ वर्षे) -३ जना

२. शिक्षालयमा लाग्ने पढाई शुल्क ५०% गाउँपालिकाले उपलब्ध गराउने र होस्टेल सुविधा इन्स्टिच्युट, धनकुटाले उपलब्ध गराउने ।

३. आवश्यक योग्यताः
   - १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको हुनुपर्ने
   - SEE परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने

४. आवश्यक कागजातहरुः
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - SEE परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि

....

विष्णुप्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत